# जलेश्वर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
जलेश्वर महोत्तरी मधेश प्रदेश, नेपाल

कार्यालय : ०४४-५२००८
फैक्स : ०४४-५२०१४
बारूणयन्त्र : ०४४-५२००९

पत्र संख्या :- २०८०।०८१
चलानी नं. :- ९५८

मिति :- २०८०।०८।१३

विषय : <u>विवरण उपलब्ध गराईदिने सम्बन्धमा</u> ।

श्री वडा कार्यालय (१-१२) सबै,
जलेश्वर नगरपालिका, महोत्तरी ।

उपरोक्त सम्बन्धमा नेपाल सरकार राष्ट्रिय सतर्कता केन्द्र (सूचना संकलन, अन्वेषण तथा अनुगमन शाखा) को चं.नं. १४/५७७, मिति २०८०/०८/०६ गतेको पत्र र नेपाल सरकार सङ्घीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय (सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा) को चं.नं. ४६, मिति २०८०/०८/०८ गतेको विवरण पठाउने सम्भन्धी पत्र यसै साथ संलग्न छ। सो पत्रहरूबाट व्यहोरा अवगत भई सो सन्दर्भमा उल्लेखित नेपाल सरकार द्वारा संचालनमा रहेको यस जलेश्वर नगरपालिका अन्तर्गतका वडाहरूमा तिब्बती र भूटानी शरणार्थीका बालबालिकाहरूको नेपालमा जन्मदर्ता वा जन्मेको निस्सा दिनुपर्ने सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रमा उजुरी परेकोले सो को छानबिनका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ र नियमावली, २०७७ लगायत सो सँग सम्बन्धित विभागबाट जारी परिपत्रको संग्रहको कार्यान्वयन तिब्बती र भूटानी शरणार्थीसँग सम्बन्धित रहेको जिल्लाका पालिकाहरूमा शरणार्थीहरूको बालबालिकाहरूको जन्मेको निस्सा दिने सम्बन्धमा ३ दिन भित्र सम्बन्धित विवरण पठाउनु हुन आदेशानुसार अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)**

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्रसंख्याः ०८०/८१ | सा.स.सा.सु च.नं. ४६०

श्री स्थानीय तह सबै,

मितिः २०८०।०८।०८

जलेश्वर नगर पालिका कार्यालय
जलेश्वर
दर्ता नम्बर
दर्ता मिति

विषयः विवरण पठाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय सतर्कता केन्द्रको चं.नं. सु.१४/५७७, मिति २०८०।०८।०६ गतेको विवरण पठाउने सम्वन्धी पत्र यसै साथ संलग्न छ । विषयवस्तुको व्यहोरा सोही पत्रवाट अवगत गर्नु भई माग भए वमोजिमको विवरण यथासिघ्र पठाईदिनुहुन आदेशानुसार अनुरोध छ ।

(सुधा रेग्मी)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री राष्ट्रिय सतर्कता केन्द्र,
सूचना संकलन, अन्वेषण तथा अनुगमन शाखा,सिंहदरवार,काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखाः सबै स्थानीय तहलाई ईमेल गरिदिनुहुन ।

नेपाल सरकार

# राष्ट्रिय सतर्कता केन्द्र

## सूचना संकलन, अन्वेषण तथा अनुगमन शाखा

सिंहदरबार, काठमाण्डौ

प.सं. :- ०८०/८१

च.नं. :- सू.१४/५७७

मिति :- २०८०/०८/०६

गोप्य

अत्यन्त जरूरी

विषय: विवरण पठाउने सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा तिब्बती र भूटानी शरणार्थीका बालबालिकाहरुको नेपालमा जन्मदर्ता वा जन्मेको निस्सा दिनुपर्ने सम्बन्धमा यस केन्द्रमा उजुरी परेकोले सो को छानविनको लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट जारी भएको राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ र नियमावली, २०७७ लगायत सो सँग सम्बन्धित विभागबाट जारी परिपत्रको संग्रहको कार्यन्वयन **तिब्बती र भूटानी शरणार्थीसँग सम्बन्धित रहेका जिल्लाका पालिकाहरुमा शरणार्थीहरुको बालबालिकाहरुको जन्मेका निस्सा दिने** सम्बन्धमा के कसो रहेको छ ? सो सम्बन्धी विवरण पन्ध्र (१५) दिनभित्र पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवालयको कार्यालय
दर्ता नं.:- ६५२
दर्ता मिति:- ०८०।८।६

दर्ता नं. २०६
मिति ०८०।८।६

..............................
(लोकेन्द्र बहादुर राई)
शाखा अधिकृत

इमेल: navic@nvc.gov.np, admin@nvc.gov.np, वेबसाइट: www.nvc.gov.np, हटलाईन: ४२००३४५, ४२००३३१, ४२००४००, ४२००३४९, ४२००३५०, ४२००३५१, ४२००४५५, ४२११८२८, ४२००४१२

about:blank